# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र १४ गते २०१७ साल

श्री ५ को सरकार

### स्वास्थ्य तथा स्थानीय स्वायत्तशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नगरपालिका (सभा) नियमहरू २०१७, सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

नेपाल राज्य नगरपालिका ऐन, २००९ को दफा २१७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— १ यी नियमहरूको नाम "नगरपालिका सभा नियमहरू, २०१७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. परिभाषाः— (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

(क) "ऐन" भन्नाले नेपाल राज्य नगरपालिका ऐन, २००९ सम्झनु पर्छ ।

(ख) "सभापति" भन्नाले नगरपालिकाका सभापति सम्झनु पर्छ ।

(ग) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै कुरालाई सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरूमा प्रयोग गरिएका ( तर परिभाषा नगरिएका ) शब्द तथा वाक्यांशको अर्थ ऐनमा दिएबमोजिम हुनेछ।

३. सभा हुने स्थान र समयः– (१) नगरपालिकाको प्रत्येक सभा सभापतिले तोकेबमोजिम बिहान ७ बजेदेखि १२ बजे सम्मको कुनै समयमा शुरू हुनेछ र साधारणतः त्यस्तो सभा घटिमा पांच घण्टासम्म चालू हुनेछ।

(२) नगरपालिका सभा नगरपालिका बसेको वा निजले चर्चेको भवनमा बस्नेछ।

४. सभाको कार्यसूचीः– (१) कुनै सभाका लागि तोकिएको कार्यसूची ( Agenda ) मा नपरेको विषयउपर विचार गरिने छैन, तर सभापतिले अनुमति दिएमा कार्यसूची बाहिरको कुरामा प्रस्ताव पेश गर्न र त्यसरी प्रस्ताव पेश भएका कुरामा छलफल गर्न सकिनेछ।

(२) कुनै सभामा कुनै प्रस्ताव पेश गर्न चाहने सदस्यले सभा हुने सूचना पाएकै दिन नगरपालिकाको सेक्रेटरी भए सेक्रेटरीलाई र सो नभए प्रधान अफिसरलाई सो कुराको सूचना दिनु पर्छ, र साथै आफले पेश गर्न खोजेको प्रस्ताव पनि लिखित रूपमा दिनु वा पठाउनु पर्छ। त्यस्तो प्रत्येक प्रस्ताव अरू कुनै सदस्यबाट समर्थन भएको हुन पर्छ र सो सूचना पाउने सेक्रेटरी वा प्रधान अफिसरले पनि सभा हुनु भन्दा एक दिन अगावै प्रस्तावको उतार सहित सो कुराको सूचना सभापति र सदस्यहरू कहाँ पठाइदिनु पर्छ।

५. सभाको कार्यविधिः– (१) नगरपालिकाको सभामा कार्य सूचीमा परेका कुरा उपर छलफल हुनु भन्दा अगावै देहायको कुरा उपर विचार गरिनेछ।

(क) अघिल्लो सभामा निर्णय भएका कुराहरू पढी सुनाउने,

(ख) सभा महीनाको पहिलो पटक भएको रहेछ भने अघिल्लो महीनाको हिसावहरू पेश गर्ने,

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको कुनै अधिकारीबाट कुनै आदेश वा निर्देश वा चिठ्ठीपत्र वा अरू कुनै कागजात पठाएको भए सो बांची सुनाउने, र

(घ) समितिले पठाएको रिपोर्ट उपर विचार गर्ने।

(२) उप नियम (१) मा उल्लेख भएको कुरा उपर विचार भइसके पछि कार्यसूचीमा परेका कुरा र त्यस पछि अन्य विषय उपर छलफल गरिने छ।

६. बोल्ने तरिका :– (१) नगरपालिका सभाको समक्ष पेश भइरहेको कुनै कुरामा आफ्नो विचार प्रकाट गर्न चाहने सदस्यले सभापतिको दृष्टि आकर्षित गर्नको निमित्त उठ्न र सभापतिले अनुमति दिए पछि बोल्न सक्नेछ।

अभिलेखमा ... प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

365

(२) प्रस्ताव गर्दा वा कुनै प्रश्नमा बोल्दा प्रत्येक सदस्य आफ्ना ठाउंबाट उठेर सभापतिलाई सम्बोधन गरी बोल्नु पर्दछ ।

७. प्रश्न सोध्न सकिने:- (१) नगरपालिक सभाको हरएक सदस्यले प्रश्न सोध्न सक्नेछ ।

(२) उप नियम (१) अन्तर्गत सोधिएको प्रश्न व्यंगात्मक वा काल्पनीक वा कुनै व्यक्ति वा जाति वा वर्ग विशेषलाई निन्दा वा आक्षेप गर्ने किसिमको हुनु हुंदैन ।

(३) उप नियम (१) अन्तर्गत सोधिएको प्रश्न काल्पनीक वा व्यंगात्मक वा कुनै व्यक्ति वा जाति वा वर्ग विशेषलाई निन्दा वा आक्षेप गर्ने किसिमको हो वा होइन सो कुराको निर्णय सभापतिले गर्नेछ र सो भएमा त्यस्तो प्रश्न सोध्न सभापतिले अनुमति दिनेछैन ।

८. प्रश्नको सूचना:-(१) प्रश्न सोध्न चाहने सदस्यले सभा हुने सूचना पाएकै दिन नगरपालिकाको सेक्रेटरीलाई र सेक्रेटरी नभए प्रधान अफिसरलाई प्रश्नलेखी दिनु पर्छ र प्रश्न बुझी लिने सेक्रेटरी वा प्रधान अफिसरले पनि सभा हुनुभन्दा एक दिन अगावै प्रश्नको उत्तर सहित सो कुराको सूचना सभापति र अरू सबै सदस्य कहां पठाइ दिनु पर्छ ।

(२) उप नियम (१) अन्तर्गत सोधिएका प्रश्नहरूको क्रम संख्या नगरपालिकाका सेक्रेटरी भए निजले र नभए प्रधान अफिसरले राख्नु पर्छ र सोही क्रम संख्या मुताविक सभामा पेश गरिने छ ।

९. प्रश्न सोध्ने समय:- सभापतिले अन्यथा आदेश दिएमा बाहेक कार्यसूचीमा परेको कुरा उपर छलफल भइसकेपछि मात्र प्रश्नहरू सोधिने र त्यसको उत्तर दिइनेछ ।

१०. प्रश्न फिर्ता लिने:- कुनै पनि सदस्यले कुनै दिन सभा प्रारम्भ हुनुभन्दा अगावै लिखित सूचना दिई आफ्नो प्रश्न फिर्ता लिन सक्नेछ ।

११. सभाको स्थगन:- शुरू भएको नगरपालिकाको सभा बहुमतको प्रस्तावबाट अरू कुनै दिन वा समयसम्मको लागि स्थगित गर्न सकिनेछ ।

प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारका सचिव,
स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।